जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २७४ २०८० साल जेठ २५ गते बिहीबार (8 June 2023 Thursday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रिय महत्वका अभिलेख.. ३ पृष्ठमा : भारतीय संसद्मा राखिएको नक्साका. ३ पृष्ठमा : प्रधानमन्त्री मोदीलाई अमेरिकी..

## गाँउ नगरमा नेविसंघको संगठन विस्तार अभियान सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २४ जेठ।**

नेपाल विद्यार्थी संघ सप्तरीले जिल्लाको सबै पालिका तथा विद्यालय र कलेजमा संगठन विस्तार गर्ने अभियानको बुधबारदेखी शुरुवात गरेको छ। राजविराजबाट सो अभियानको शुरुवात गरिएको हो। नेपाली कांग्रेसका युवा नेता तथा हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा राजविराज नगरपालिकामा कांग्रेसका तर्फबाट नगर प्रमुख पदको उम्मेदवार रहेका मो. इरसाद अन्सारी तथा नेविसंघका जिल्ला अध्यक्ष राकेश कुमार ठाकुरको विषेश उपस्थितीमा संगठन सुदृढीकरण तथा विस्तार अभियान शुभारम्भ भएको संघले जनाएको छ।

अभियानको पहिलो दिन राजविराज नगर भेलाले मो.परवेजको संयोजकत्वमा नेविसंघ राजविराज नगर समिती गठन गरिएको छ। नेविसंघको विधान २०२७ को छैठो संसोधन २०७५ बमोजिम उक्त समिती गठन गरिएको जिल्ला अध्यक्ष ठाकुरले जानकारी दिए।

संगठनलाई गतिशिल बनाउन, संगठन सुदृढीकरण गर्न तथा जिल्लाभर संगठन विस्तार गर्ने योजना अनुरुप एक महिने अभियान सुरु गरिएको तथा असार मसान्त भित्र जिल्लाका सबै १८ वटै पालिका तथा विद्यालय र कलेजमा नयाँ कार्य समिती गठन गरिसक्ने संघले जनाएको छ।

## मोटरसाइकल दुर्घटनामा दुई जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २४ जेठ।**

सप्तरीमा मंगलबार भएको छुट्टाछुट्टै मोटरसाइकल दुर्घटनामा दुई जना घाइते भएका छन्।

जिल्लाको बिष्णुपुर गाउँपालिका वडा नं. १ जमुनीस्थित हुलाकी राजमार्ग सडक खण्डमा मोटरसाइकलको ठक्करबाट साइकल यात्री घाइते भएका छन्।

पश्चिमदेखि राजविराजतर्फ आउदै गरेको स.१०प. २६५८ नं.को मोटरसाइकलले सोही सडक खण्डमा बिपरीत दिशाबाट जादै गरेको साइकलयात्रीलाई ठक्कर दिएको हो। ठक्करबाट वडा नं. २ सिमरा सिरयौन निवासी ४५ को नन्दलाल ठाकुर घाइते भएको प्रहरीले जनाएको छ।

घाइते ठाकुरको दाहिने आँखाको माथि भागमा काटेको र शरिरको बिभिन्न भागमा चोट लागेकोले उपचारका लागी छिन्नमस्ता अस्पतालमा उपचारका लागि भर्ना गरिएकोछ।

प्रहरीले मोटरसाइकल चालक रुपनी गाउँपालिका २ हरेवा बस्ने १८ वर्षिय मो. सहनसालाई नियन्त्रणमा लिएको छ।

यस्तै मंगलबारै सोही गाउँपालिका वडा नं. १ जमुनी स्थित हुलाकी राजमार्ग सडक खण्डमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक घाइते भएका छन्।

राजविराजदेखि पश्चिम तर्फ जादै गरेको स.४प.८७४५ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नं. ६ औरही बस्ने ३७ वर्षिय अजय कुमार साह घाइते भएका छन्।

उनको अनुहार र शरिरको बिभिन्न भागमा चोट लागेपछि उपचारका लागी छिन्नमस्ता अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ।

## एमालेमा सवा लाख नयाँ सदस्यताको आवेदन

काठमाडौं, २४ जेठ (रासस)।

नेकपा (एमाले) ले सञ्चालन गरेको 'मिसन ग्रासरुट' अभियानका अवधिमा एक लाख १९ हजार ९६ नयाँ सदस्यताको आवेदन परेको छ।

गत मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा अपेक्षित नतिजा नआएपछि एमालेले पार्टी सुदृढीकरणका लागि गत फागुन ५ देखि वैशाख ९ गतेसम्म 'मिसन ग्रासरुट' सञ्चालन गरेको थियो। पार्टीका माथिल्ला र तल्ला कमिटीका नेता तथा कमिटी परिचालित सो अभियानका क्रममा उक्त सङ्ख्यामा नयाँ सदस्यताको आवेदन परेको हो।

उक्त आवेदनलाई अध्ययन गरी पार्टीको केन्द्रीय सङ्गठन विभागले स्वीकृति र नवीकरण भएका सदस्यको अद्यावधिक गर्ने सो पार्टीका जनसङ्गठन समन्वय संयन्त्रका संयोजक एवम् सङ्गठन विभागका सदस्य भानुभक्त ढकालले जानकारी दिनुभयो।

एमालेले हालैको केन्द्रीय कमिटी र सचिवालयको निर्णयबमोजिम आउने असार मासन्तभित्र पार्टी सदस्यताको नवीकरण अद्यावधिक गराई भदौमा सबै प्रदेशको अधिवेशन सम्पन्न गर्ने तयारी गरिएको सचिवालयको बैठकपछि अध्यक्ष केपी शर्मा ओलीबाट जारी अन्तरपार्टी निर्देशन-७ मा जनाइएको छ।

मिसन ग्रासरुट अभियानको समीक्षा र भावी योजना तर्जुमाका लागि गत वैशाख २८ देखि ३० गतेसम्म एमालेको केन्द्रीय कमिटीको पाँचौं बैठक भएको थियो। अभियानका क्रममा देखिएका वैचारिक र साङ्गठनिक क्षेत्रका समस्या र चुनौतीलाई सम्बोधन गर्न सो पार्टीले विशेष योजनासहित निर्देशन जारी गरेको छ। साथै मनोनयनबाट थप भएकासहित तीन सय ४९ केन्द्रीय सदस्यको नयाँ कार्यविभाजन गरिएको छ।

सो पार्टीका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका सचिव गगन विष्टले अन्तरपार्टी निर्देशन पार्टीको सम्बन्धित पङ्क्तिमा पुगिसकेको प्रचार विभागको प्रमुखमा स्थायी कमिटीका सदस्य राजेन्द्र गौतमलाई जिम्मेवारी दिइएसँगै प्रचार कार्यले थप गति लिने बताउनुभयो।

## एमालेमा ७० वर्ष उमेरहद हटाइयो

काठमाडौं, २४ जेठ (रासस)।

नेकपा (एमाले) केन्द्रीय कमिटीको उमेर हद हटाइएको छ। पार्टीको केन्द्रीय कार्यालय सचिव डा भीष्म अधिकारीले पार्टीको विधानमा रहेको केन्द्रीय कमिटीको ७० वर्षको उमेर हद हटाइएको जानकारी दिनुभयो। यही वैशाख २८ देखि ३० गतेसम्म बसेको केन्द्रीय कमिटीको पाँचौं बैठकपछि पार्टीले हिजो (जेठ २३ गते) जारी गरेको अन्तरपार्टी निर्देशन-७ मा सो कुरा उल्लेख थियो।

यसअघि पार्टीमा रहने केन्द्रीय सदस्यको उमेरहद ७० वर्ष तोकिएको थियो। अन्तरपार्टी निर्देशन-७ को विविध निर्णयअन्तर्गत् केन्द्रीय कमिटीको उमेर हदसम्बन्धी व्यवस्थामा 'पार्टी विधानमा रहेको ७० वर्षको उमेर हद हाललाई निलम्बन गर्ने' उल्लेख गरिएको हो। गत २०७० मा भएको नवौं महाधिवेशनदेखि केन्द्रीय कमिटी सदस्यका लागि लाई ७० वर्ष उमेर हदबन्दी लागू गरिएको थियो।

पार्टीले सचिवालय बैठक, स्थायी कमिटी बैठक र केन्द्रीय कमिटी बैठकका निर्णय समावेश गरेर यो अन्तरपार्टी निर्देशन-७ जारी गरेको हो।

यसैगरी अन्तरपार्टी निर्देशनमा पार्टीका पदाधिकारी, स्थायी कमिटी सदस्य र केन्द्रीय कमिटीका नेताको जिम्मेवारी पनि हेरफेर गरिएको छ। अन्तरपार्टी निर्देशनमा सबै प्रदेश अधिवेशन आगामी भदौ महिनाभित्र आयोजना गर्ने उल्लेख गरिएको छ। असोजदेखि चैत महिनासम्ममा जिल्ला, पालिका, वडा र टोलटोलका अधिवेशन सम्पन्न गर्ने कार्यतालिका बनाउने उल्लेख गरिएको छ।

यसैगरी प्रदेश कमिटीको कामको महत्वलाई ध्यानमा राखी अब निर्वाचित हुने सात प्रदेशका अध्यक्ष पदेन पोलिटब्यूरोसदस्य सरह हुने र केन्द्रीय कार्यालय सचिवलाई पदेन केन्द्रीय सदस्यको रूपमा बैठकमा सहभागी गराइने अन्तरपार्टी निर्देशनमा उल्लेख गरिएको छ।

यस्तै पार्टीमा युवा आकर्षण र युवा सहभागिता विस्तार गर्न नयाँ अभियान सञ्चालन गर्ने र त्यसका लागि अधिवेशन र पुनःगठनका माध्यमबाट आधारभूत तहका कमिटीमा एक तिहाई सदस्य ३५ वर्ष मुनिका पार्टी सदस्यलाई सङ्गठित गर्नेगरी युवालक्षित अभियान सञ्चालन गर्ने पनि जनाइएको छ।

## आगलागिमा तीन लाख मुल्यको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २४ जेठ।**

सप्तरीको कंचनरुप नगरपालिका र राजगढ गाउँपालिकाको छुट्टाछुट्टै स्थानमा आगलागि भएको छ।

बुधबार जिल्लाको कंचनरुप नगरपालिका १ बैरवा टोलमा आगलागि हुँदा एक जलेर नष्ट भएको छ। सो आगलागिमा ३ लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

स्थानिय अनिल साहको फुसको

*बाँकी अन्तिम पृष्ठमा*

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, बिमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**चट्याङको समयमा सतर्क रहौं ।**

चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# असारे विकासप्रति निगरानी आवश्यक

जुन समाजको समग्र विकास हुन सकेको हुँदैन त्यहाँ, अभाव र अशिक्षा सदैव हुन्छ । तसर्थ विकास निरन्तरको प्रक्रिया हो । सरकारले विकासको बाटोलाई अवलम्बन गरेको हुन्छ । विकासलाई हेर्ने आ–आफ्नो आँखा हुन्छ । कसैले भौतिक विकासलाई वास्तविक विकास ठान्दछ भने कसैले मानवीय विकासलाई नै सर्वोपरी मान्दछ । कसैले भने सामाजिक न्यायको अवधारणामा आधारित विकासलाई नै विकास मानिरहेको हुन्छ ।

मुलुकको नयाँ संरचनासँगै केन्द्रका साथै प्रान्तिय र स्थानीय सरकारहरुले आ–आफ्ना क्षेत्रमा विकासको जिम्मा लिएको छ । विकासको क्रमलाई हेर्ने हो भने अधिकार पालिकाहरुले भौतिक विकासलाई प्राथमिकतामा राखेको पाइन्छ । यसरी विकासको एक पक्षलाई मात्र अंगीकार गर्ने हो भने मानवीय विकास र सामाजिक न्यायको विकास अवरुद्ध हुन जान्छ । जसले गर्दा कुनै पनि समाजको समग्र विकास हुन पाउँदैन । विकासको नामा अचेल भ्रष्टाचारले प्रश्रय पाउँदै गएको छ । फेरी भौतिक निर्माणका र अन्य विकासिय गतिविधिहरु आर्थिक वर्षको अन्त्यमा गर्ने परम्परा नैं बनी सकेको छ । बजेट फ्रिज हुने डरले वर्षको अन्त्य तिर गरिरहने यस्ता विकासले जनाको भलो गरिरहेको छैन भने भ्रष्टाचार मौलाइरहेको छ ।

तसर्थ असारे विकासलाई निरुत्साहित गर्नु जरुरी देखिन्छ । यसका लागि आमजनताले खबरदारी र निगरानी गर्नु आवश्यक छ भने त्यसतर्फ स्थानीय सरकारको बेलैमा ध्यान पुग्नु उत्तिकै जरुरी छ ।

# राष्ट्रिय महत्वका अभिलेख संरक्षणमा समस्या

काठमाडौं, २४ जेठ (रासस) ।

सरकारले विभागस्तरमा स्तरोन्नति गरेको पाँच वर्ष बिते पनि राष्ट्रिय अभिलेखालयमा आवश्यक जनशक्ति र बजेटको व्यवस्था हुन सकेको छैन ।

विभागस्तरमा स्तरोन्नति भएको पाँच वर्षमा पनि अभिलेखालय ३० जनाको दरबन्दीमा चलेको छ । यसमध्ये पनि हाल अभिलेखालयमा २० जनामात्र कार्यरत छन् । दश पद रिक्त छ । जनशक्ति र बजेट अभावमा सरकारको लक्ष्य र उद्देश्यअनुरुप ऐतिहासिक महत्वका अभिलेख संरक्षण गर्न नसकिएको अभिलेखालयका महानिर्देशक सौभाग्य प्रधानाङ्ग बताउनुभयो ।

"महत्वपूर्ण अभिलेख व्यवस्थापनमा बजेटले ध्यान दिएन, चालु आर्थिक वर्षको तुलनामा आगामी वर्षको कार्यक्रम घटेको छ, श्रव्यदृश्य सङ्कलन र सम्पादनका काम रोकिने भएको छ, चालु आवमा रु चार करोड ८५ हजार बजेट छ, आगामी वर्ष पनि बजेट त्यति नै भए पनि कार्यक्रम भने घटेको छ, महत्वपूर्ण अभिलेख संरक्षणका लागि गर्नुपर्ने जति काम गर्ने गरी जनशक्ति र बजेट हामीसँग छैन", उहाँले भन्नुभयो ।

महत्वपूर्ण अभिलेख सङ्कलन र संरक्षणमा बजेट र जनशक्ति कम भएको विषय अभिलेखालयले राष्ट्रियसभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा पनि राखेको छ । समितिले सरकारका सम्बन्धित निकायलाई अभिलेख संरक्षणका लागि आवश्यक काम गर्न निर्देशन दिनाका साथै सरोकार भएका निकायलाई बोलाएर बैठक गर्ने जानकारीसमेत दिएको छ ।

बजेट र जनशक्तिको अभावमा अभिलेखालयमा रहेका हजारौं महत्वपूर्ण हस्तलिखित ग्रन्थको अध्ययन अनुसन्धान हुन सकेको छैन । अध्ययन अनुसन्धान नहुँदा विभिन्न विधाका ती हस्तलिखित ग्रन्थको उपयोगिता हुन सकेको छैन । महत्वका ग्रन्थ थुपारेरमात्र राखेजस्तो भएको छ । पतञ्जली योगपीठका स्वामी रामदेव र आचार्य बालकृष्णले अभिलेखालयकै ग्रन्थको प्रतिलिपि लगेर आयुर्वेदमा विश्वव्यापी अभियान चलाएको जनाइएको छ ।

**यस्तो छ राष्ट्रिय अभिलेखालयको इतिहास**

विसं १८६७ सम्म हनुमानढोका दरबारको एक कोठामा राखिएका सरकारी कागज सङ्कलन गरी चिताइ तहविल, वीर पुस्तकालय हुँदै २०२४ सालमा राष्ट्रिय अभिलेखालय स्थापना भएको थियो । यहाँ सङ्कलित ग्रन्थ एवम् वस्तुको अनुसन्धान गर्न विश्वका महत्वपूर्ण संस्था एवम् व्यक्ति अभिलेखालयमा आउँछन् ।

अभिलेखालय भवन पुरातात्विक महत्वका सामग्री राख्न वातानुकूलित स्वरूपमा निर्माण गरिएको छ । विसं २०२४ मा भारत सरकारको सहयोगमा अभिलेखालय भवन निर्माण भएको हो । पाँचौं शताब्दीदेखिका हस्तलिखित लगायतका अन्य महत्वपूर्ण तथा दुर्लभ ग्रन्थ यहाँ सङ्ग्रह गरी राखिएको छ ।

नेपालको इतिहास र संस्कृतिको अकाट्य स्रोतका रूपमा रहेका कैयौं विधासँग सम्बन्धित अभिलेख यहाँ छन् । सातौं–आठौं शताब्दीदेखि बिसौं शताब्दीसम्मका विभिन्न भाषा, लिपि र विषयसँग सम्बन्धित ग्रन्थ ताडपत्र, भोजपत्र, नीलपत्र, नेपाली कागज, थ्यासफु आदि अभिलेख यहाँ सङ्कलित छन् ।

अभिलेखालयमा पाँचौं शताब्दीका दश भूमिश्वर, सन् ८१० को उत्तरलिच्छवी लिपिमा लेखिएको स्कन्दपुराण, आठौं शताब्दीकै ताडपत्रमा लेखिएको सद्धर्मपुण्डरिक सूत्र, ११औं शताब्दीको ताडपत्रमा लेखिएको विनयपिटक, १२औं शताब्दीको कारण्यव्यूहसूत्र, सन् १३८० को जयस्थिति मल्लको वैधानिक कानुन 'न्यायविकासिनि', नेपाल संवत् २८ को आयुर्वेदसम्बन्धी ग्रन्थ लङ्कावतार, युनेस्कोको 'मेमोरी अफ द वर्ल्ड रजिष्टर' मा सूचीकृत नवौं शताब्दीको शैवतन्त्रसम्बन्धी ग्रन्थ निश्वासतत्वसंहिता आदि विश्वमै प्रसिद्धि कमाएका ग्रन्थ हुन् । संसारले नै गौरव गरेका र अमूल्य सम्पत्ति अभिलेखालयमा सुरक्षित रहेको महानिर्देशक प्रधानाङ्गले बताउनुभयो ।

अभिलेखालयमा करिब ३२ हजार हस्तलिखित ग्रन्थका मूलप्रति, करिब २० हजार अभिलेख, १० हजार तिब्बती ग्रन्थ, दुई लाख ग्रन्थका माइक्रोफिल्मका प्रति र लाखौंको सङ्ख्यामा अन्य दस्तावेज सङ्कलित रहेको उहाँले जानकारी दिनुभयो । कुमारीचोकको भूमिसम्बन्धी कागजात, पृथ्वीनारायण शाहको दिव्योपदेशको सक्कलप्रति, भूमिसम्बन्धी पुराना तमसुकलगायत सामग्री पनि अभिलेखालयमा सुरक्षित छन् ।

अभिलेखालयमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पौराणिक महत्वका ग्रन्थ प्रशस्त भए पनि पछिल्लो समय सरकारी कार्यालयकै दस्तावेज आउन सकेको छैन । सरकारका सबै दस्तावेज अभिलेखालयमा नआउँदा एकै स्थानबाट पाउन नसकिने अवस्थामा पुगेको छ । सम्बन्धित कार्यालयले ती अभिलेखको संरक्षण पनि गर्न सकेका छैनन् । सबै कार्यालयले २५ वर्ष पुराना दस्तावेज अनिवार्य रूपमा अभिलेखालयमा बुझाउनुपर्ने व्यवस्थालाई कडाइका साथ पालना गराउन लाग्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रतिबद्धता जनाउने गरे पनि त्यो पूरा हुन सकेको छैन ।

अभिलेखालयमा अध्ययनका लागि अनुसन्धानकर्ता तथा विद्यार्थी आउने र प्रतिलिपि माग गर्ने गरेका छन् । यसरी प्रतिलिपि माग गर्नेको सङ्ख्या प्रत्येक दिन वृद्धि भएको छ । अभिलेख संरक्षण ऐन, २०४६ र नियमावली, २०६३ ले राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण कागजातलाई अभिलेखका रूपमा व्यवस्थित एवम् सुरक्षित तरिकाले राख्ने कानुनी अधिकार प्राप्त एकमात्र सरकारी निकाय अभिलेखालय हो भनेको छ ।

**कार्यान्वयन गरिएन अभिलेख बुझाउनुपर्ने कानुनी व्यवस्था**

ऐनअनुसार सरकारअन्तर्गतका कार्यालयमा सिर्जना भएका २५ वर्ष पुगेका राष्ट्रिय महत्वका कागजात अभिलेखालयमा पठाउनुपर्ने प्रावधान छ । यो कानुनी व्यवस्थाको ज्ञान नहुँदा वा ध्यान नदिँदा ती कागजपत्र नगण्य मात्रामा मात्र आउने गरेको अभिलेखालयकी अनुसन्धान अधिकृत मनिता न्यौपाने बताउनुहुन्छ ।

प्राप्त भएका अभिलेख पनि निकै जीर्ण र अव्यवस्थित रूपमा आउने गरेको उहाँको भनाइ छ । अभिलेखालयमा अभिलेख आउनुपूर्व सुरक्षित र संरक्षण होस् भन्ने उद्देश्यले महत्वपूर्ण कागजात धेरै हुने मन्त्रालय, विभाग र कार्यालयसँग समन्वय गरी ती निकायका प्रतिनिधिलाई सहभागी गराएर अभिलेख अध्ययन तथा व्यवस्थापनसम्बन्धी गोष्ठी तथा तालीम सञ्चालन गर्ने गरिएको छ ।

अभिलेखालयले व्यक्तिगत सङ्कलनमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा अन्य दृष्टिकोणले राष्ट्रिय महत्वका कागजात सङ्ग्रहमा वृद्धि गर्ने उद्देश्यले विभिन्न स्थानमा गएर अभिलेख जम्मा गरी दातालाई प्रोत्साहन र कदरस्वरुप प्रशंसापत्र दिने गरेको छ ।

अभिलेखालयले स्वदेश तथा विदेशमा रहेका नेपालसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका अभिलेख सङ्कलन गरी अन्तरराष्ट्रिय सङ्कलन केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएको छ । महत्वपूर्ण ऐतिहासिक महत्वका केही अभिलेख विभिन्न देशका अभिलेखालय तथा सङ्ग्रहालयको सङ्कलनमा रहेको छ । त्यस्ता अभिलेख सम्भव भएसम्म फर्काउने र नभए प्रतिलिपि ल्याउने प्रयास भइरहेको महानिर्देशक प्रधानाङ्गले बताउनुभयो ।

हाल जर्मनी, अमेरिका, जापान, कोरिया, थाइल्यान्ड, चीन, भारत र बङ्गलादेशलगायत विभिन्न देशबाट अभिलेख अध्ययन तथा अनुसन्धानको माग हुँदै आएको छ । यस्ता अनुसन्धानदातालाई प्रोत्साहित गर्न सेवा प्रवाहको स्तरमा सुधार गरी अभिलेखालयलाई अनुसन्धान केन्द्रका रूपमा विकास गर्न आवश्यक देखिएको छ ।

जीर्ण अभिलेख संरक्षण गरी सेवाग्राहीको मागअनुसार अभिलेखमा भएका भाषा तथा लिपिको अध्ययन गरी भाषान्तर र लिप्यान्तर गर्ने काम निरन्तररूपमा भइरहेको बताइएको छ । आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्था गरी यसलाई अभिलेखको संरक्षणका अतिरिक्त यसै क्षेत्रको एक तालीम केन्द्रका रूपमा पनि विकास गर्न सकिने सम्भावना छ ।

सङ्ग्रहित मूल दस्तावेजलाई सुरक्षित गरी देशका विभिन्न क्षेत्रको अध्ययन अनुसन्धान तथा सरोकार भएका निकायको सहज पहुँच पुऱ्याउन अभिलेखलाई विद्युतीय प्रतिमा लैजाने काम सुरु भएको छ । समयसँगै अभिलेखालयलाई श्रव्यदृश्य तथा विद्युतीय अभिलेख केन्द्रका रूपमा विकास गर्ने सोच रहेको अभिलेखालयले जनाएको छ ।

अभिलेखालयमा पुराना कागजातको 'माइक्रोफिल्म' गरेर सुरक्षित राख्ने अर्को भवन छ । यो भवन विसं २०५१ मा जर्मन सरकारको सहयोगमा निर्माण भएको हो । हाल पुरातत्व विभाग रहेको भवनसमेत अभिलेखालयकै हो । विसं २०३० मा सिंहदरबार आगलागी भएपछि विभाग अभिलेखालयको नयाँ भवनमा सारिएको हो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# भारतीय संसद्मा राखिएको नक्साका बारेमा महत्वपूर्ण छलफल भएको छ : प्रधानमन्त्री दाहाल

काठमाडौं, २४ जेठ (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भारतको संसद्मा प्रस्तुत भएको नक्साका बारेमा आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीसँग गम्भीर छलफल भएको बताउनुभएको छ।

राष्ट्रिय सभाको आजको बैठकमा सांसदहरूले उठाउनुभएको प्रश्नको जवाफमा प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "भारतीय पक्षसँग आफूले नक्साबारे कुरा गर्दा 'यो सांस्कृतिक नक्सा हो, राजनीतिक नक्सा होइन' भन्नुभएको छ। यसबारेमा थप अध्ययन गर्नुपर्छ।"

भ्रमणका क्रममा सीमा क्षेत्रमा हुने डुबानका बारेमा आवश्यक छलफल र सम्बन्धित अधिकारीलाई निर्देशन दिइएको जानकारी दिँदै उहाँले आगामी वर्षामा नै समस्या नआउने गरी काम गर्न निर्देश भएको बताउनुभयो।

भ्रमणका क्रममा हवाई मार्गका बारेमा प्रस्ट शब्दमा अन्तर्राष्ट्रिय हवाई मार्गका रूपमा नेपालगञ्ज, महेन्द्रनगर, विराटनगरलगायत क्षेत्रमा प्रयोग गर्न पाउने गरी वातावरण बनाइदिन आग्रह गरेको प्रधानमन्त्री प्रचण्डले उल्लेख गर्नुभयो।

"राम्रो भएकालाई राम्रो भन्ने हो, नभएकालाई नभएको र नराम्रो भन्ने हो। लो अल्टिच्युडको जहाज चल्ने वातावरण बनेको छ। केही भएको छैन भनेर नकारात्मक कुरा गर्नु आवश्यक छैन", उहाँले भन्नुभयो।

कालापानी, लिपुलेकलगायत सीमा समस्या समाधानका लागि भ्रमणका क्रममा स्पष्ट शब्दमा छलफल भएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "भारतीय प्रधानमन्त्री मोदीले नै नेपाल भारतबीच रहेको सीमा समस्या समाधान गर्ने विषयमा आफैंले संयुक्त पत्रकार सम्मेलनमा प्रस्ट प्रतिबद्धता आएको छ। उहाँले दुई देशबीचको सम्बन्धलाई सुपरहिट बनाउने भारतीय प्रधानमन्त्री मोदीको प्रतिबद्धता छ।"

आफूले औपचारिक कुनै पनि बैठकमा जमिन सट्टापट्टाका बारेमा कुराकानी नगरेको जानकारी दिँदै उहाँले यस विषयमा विभिन्न खालका मोडलहरू पनि छन् भनेर बुद्धिजीवीहरूले भन्दै आएको मात्रै भनेको बताउनुभयो।

सीमा समस्या समाधानका बारेमा सरकारले नै अध्ययन गर्ने गरेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले बुद्धिजीवी, विशेषज्ञले नै सट्टापट्टाका बारेमा जानकारी दिने गरेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "सीमा समस्या हल गरिन्छ। हल गर्छौं, दुनियाँका अगाडि उभिएर प्रतिबद्धता जनाउने कुरा आफैंमा महत्वपूर्ण छ। भारतीय प्रधानमन्त्रीले पनि पहिलो पटक समस्या समाधान गर्नुपर्छ, भनेर भारतीय प्रधानमन्त्रीले पनि प्रतिबद्धता जनाउनुभएको छ।"

मुलुकभित्र उत्पादित बिजुली स्वदेशमा नै खपत गर्ने तथा खपत बढाउने विषयमा सरकारले ध्यान दिएको र सोही अनुसारको नीति अगाडि सारेको उल्लेख गर्दै प्रधानमन्त्रीले तत्काल खपत बढाउन नसकिने भएकाले बिजुली निर्यातको विकल्प नभएको बताउनुभयो। विकास र समृद्धिका लागि सबै नेपालीको साझा मत हुनुपर्नेमा त्यसो हुन नसकेकामा प्रधानमन्त्रीले गुनासो गर्नुभयो। इतिहासदेखि थाती रहेका सबै समस्या समाधानका लागि विश्वासको वातावरण बनाएर अगाडि बढ्नुपर्छ भन्नेमा भ्रमणका समयमा स्पष्टसँग छलफल भएको बताउनुभयो।

सीमा समस्या समाधानका लागि विश्वासको वातावरण बनाउने भन्ने विषयमा स्पष्टसँग कुरा भएको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "नेपाल समृद्ध हुने वातावरण बन्यो, नेपालमा लगानी बढ्ने वातावरण बन्यो। बलियो राष्ट्रिय एकता प्रदर्शन गर्ने बेला हो यो।" टनकपुरमा सिँचाइका लागि पानी आउने वातावरण बनेको र पञ्चेश्वरमा २६ वर्षदेखि हुन नसकेको विषयमा समेत महत्वपूर्ण सहमति भएको प्रधानमन्त्रीको भनाइ छ।

भारत भ्रमणमा जाने दिन आफ्नो भ्रमणका बारेमा राष्ट्रपतिलाई जानकारी दिन गएको, नागरिकता विधेयक जारी गर्नुस् भन्न नगएको प्रस्ट पार्नुभयो।

सङ्घीय संसद्ले दुई-दुईपटक पारित गरेको नागरिकता विधेयक जारी गर्न राष्ट्रपतिलाई अनुरोध गरिएको प्रधानमन्त्रीको भनाइ छ। नागरिकता विधेयकको स्थिति र अरू विधेयकको अवस्था फरक हो भनेर बुझ्न नहुने उल्लेख गर्दै प्रधानमन्त्रीले राष्ट्रपतिसँग पुगेको विधेयक शून्य हुन्छ भनेर संविधान वा कानूनमा कल्पनासमेत नगरिएको बताउनुभयो।

संविधान र लोकतन्त्रको रक्षा गर्ने महत्वपूर्ण विषय यसभित्र रहेको स्पष्ट पार्दै प्रधानमन्त्रीले सदनले पठाएको महत्वपूर्ण विधेयक मन लाग्दा प्रमाणित गर्ने, मन नलाग्दा प्रमाणित नगर्ने अवस्था आएकाले सरकारले राष्ट्रपतिलाई अनुरोध गरिएको स्पष्ट पार्नुभयो।

नागरिकतासम्बन्धी ऐनका विषय अदालत प्रवेश गरेकाले त्यसलाई निर्णय गर्न छाडिनुपर्ने प्रधानमन्त्रीको भनाइ छ।

प्रधानमन्त्री प्रचण्डले भारतीय सरकारी कम्पनी एनएचपिसीसँग फुकोट कर्णाली जलविद्युत् आयोजना निर्माणका सम्बन्धमा सहमति भएको बताउनुभयो। भ्रमणका क्रममा कृषि क्षेत्रको विकासका लागि धेरै महत्वपूर्ण सहमति भएको, त्यसबाट कृषि उत्पादन बढ्ने र रोजगारी वृद्धि हुने प्रधानमन्त्रीले विश्वास व्यक्त गर्नुभयो।

उखु खेतीको व्यावसायिक विकासका लागि नयाँ प्रजाति आउनु, कफीको नयाँ प्रजाति ल्याउनु महत्वपूर्ण रहेको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले नेपालको दुग्ध उत्पादन वृद्धिका लागि मुर्रा प्रजातिको राँगो यति नै बेला आउनु झनै राम्रो भएको बताउनुभयो।

भ्रमण दल ४० को आसपासमा रहेको र जम्बो नभएको स्पष्ट पार्दै प्रधानमन्त्रीले त्यस क्रममा इपिजीका बारेमा पनि छलफल भएको स्पष्ट पार्नुभयो। नेपाली राष्ट्रिय हितको पक्षमा आफ्नो विवेक वा वर्कतले भ्याएसम्म भ्रमणका क्रममा प्रयास गरेको जानकारी दिँदै त्यसमा कुनै द्विविधा नराख्न आग्रह गर्नुभयो।

भ्रमणका क्रममा कस्ले स्वागत गर्‍यो भन्ने विषय उति महत्वपूर्ण नभएको स्पष्ट पार्दै प्रधानमन्त्री प्रचण्डले आफू कुनै अपमानित नभएको बरु सम्मानित भएर आएको बताउनुभयो। एउटै भ्रमणबाट धेरै विषय भयो त आफूले नभन्ने बरु यसबाट विकास र समृद्धिमुखी भएको उहाँको भनाइ छ।

प्रधानमन्त्री प्रचण्डलाई सांसदहरू अनिता देवकोटा, भगवती न्यौपाने, इन्दिरादेवी गौतम, जितेन्द्रनारायण देव, शारदादेवी भट्ट, भैरवसुन्दर श्रेष्ठ, डा विमला राई पौडेल, दिलकुमार रावल, थापा पार्वती, गोपाल भट्टराई, कुमार दसौदी, सुमित्रा बिसी, जगप्रसाद शर्मा, तुलसाकुमारी दाहाल, इन्दु कडरिया लगायतले प्रश्न गर्नुभएको थियो।

# कांग्रेसद्वारा कोशी प्रदेशका मुख्यमन्त्रीको राजीनामा माग

**दैनिक समाचारदाता**
**काठमाडौं, २४ जेठ।**

नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलले मुख्यमन्त्री हिक्मतकुमार कार्कीको राजीनामा माग गरेको छ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र र जसपाले सरकार छाडेपछि अल्पमतमा परेका मुख्यमन्त्री कार्कीले राजीनामा दिनुपर्ने कांग्रेसको माग छ।

कांग्रेस कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक भूपेन्द्र राईले विज्ञप्ति जारी गर्दै अल्पमतमा परेका मुख्यमन्त्री कार्कीलाई नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न आग्रह गरेका छन्।

मुख्यमन्त्री कार्कीले भने संसद अधिवेशन अन्त्य गरेर अध्यादेश मार्फत बजेट ल्याउने तयारी गरेका छन्। अध्यादेश मार्फत बजेट ल्याए प्रदेशमा झन् अस्थिरता थपिने कांग्रेसको दाबी छ।

'अर्को सूचना जारी नभएसम्मका लागि प्रदेशसभाको अधिवेशन स्थगन गर्नुले यो सरकार गैरजिम्मेवार र प्रदेशमा झन् समस्या थप्नतिर उद्यत भएको प्रष्ट हुन्छ' विज्ञप्तिमा भनिएको छ, "लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात् गर्दै अल्पमतमा रहेको सरकारले नैतिक रुपमा राजीनामा दिएर लोकतान्त्रिक मान्यता अनुरुप आगामी सरकार निर्माण गर्नका लागि मार्गप्रशस्त गर्न समेत आग्रह गर्दछौं।'


# गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
राजविराज नगरपालिका, सप्तरी


## विश्व समाचार

# प्रधानमन्त्री मोदीलाई अमेरिकी संसद्मा सम्बोधनको निम्तो

नयाँदिल्ली, २४ जेठ (रासस/एएनआई)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी असार ७ गते अमेरिकी संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्नुहुने भएको छ।

प्रधानमन्त्री मोदीले असारको पहिलो सातादेखि गर्ने अमेरिकाको राजकीय भ्रमणको क्रममा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न लाग्नुभएको हो। उहाँलाई सभामुख तथा सिनेटका अध्यक्ष एवम् अन्य अधिकारीले सम्बोधनका निम्ति आमन्त्रण गरेका छन्।

प्रधानमन्त्री मोदीले पनि अमेरिकी सदनको निमन्त्रणा स्वीकार गर्दै संयुक्त बैठकमा सम्बोधन गर्ने घोषणा गर्नुभएको छ। अमेरिकी कङ्ग्रेसको संयुक्त बैठकलाई दुई पटक सम्बोधन गर्ने प्रधानमन्त्री मोदी एकमात्र भारतीय नेता हुनुहुनेछ। यो विदेशी प्रतिष्ठित व्यक्तिहरूलाई अमेरिकाले दिने सर्वोच्च सम्मानमध्ये एक हो।

"संयुक्त राज्यको प्रतिनिधिसभा र संयुक्त राज्य सिनेटको द्विदलीय नेतृत्वको तर्फबाट, तपाई (प्रधानमन्त्री मोदी) लाई बिहीबार जुन २२ का दिन कङ्ग्रेसको संयुक्त बैठकलाई सम्बोधन गर्न आमन्त्रित गर्नु हाम्रो लागि सम्मानको कुरा हो,"सभामुख केभिन म्याकार्थी, सिनेट बहुमतका नेता चक शुमर, सिनेट रिपब्लिकन नेता मिच म्याककोनेल र हाउस डेमोक्रेटिक नेता हकिम जेफ्रिजले हस्ताक्षर गरेको आमन्त्रणपत्रमा लेखिएको छ।

सन् २०१४ मा प्रधानमन्त्री बनेपछि नेता मोदीले तीनै जना अमेरिकी राष्ट्रपति बाराक ओबामा, डोनाल्ड ट्रम्प र जो बाइडेनसँग द्विपक्षीय र बहुपक्षीय भेटघाटका लागि आधा दर्जनभन्दा बढीपटक अमेरिकाको भ्रमण गर्नुभएको छ। यद्यपि राजकीय भ्रमणका निम्ति उहाँलाई पहिलो पटक निमन्त्रणा गरिएको छ। अमेरिकाका नजिकका मित्र र सहयोगीहरूलाई मात्र यस्तो सम्मान दिने प्रचलन छ।

# कलेज प्रवेशको अति कठिन परीक्षामा एक करोड चिनियाँ विद्यार्थी

बेइजिङ, २४ जेठ (रासस/एएफपी)।

विद्यालय शिक्षा पूरा गरेका एक करोड ३० लाख चिनियाँ विद्यार्थी कलेज प्रवेशको अति कठिन परीक्षामा सहभागी भएका छन्। चार वर्षपछि भएको उक्त परीक्षा चीनमा गाओकाओका नामले परिचित छ।

उच्च शिक्षा हासिल गर्न चाहनेहरूका लागि अति जटिल प्रश्न सोधिने यो परीक्षा उत्तीर्ण गर्नुलाई चीनमा ठूलो उपलब्धि मानिन्छ। कोरोनाका कारण नराम्ररी प्रभावित भएको चीनमा त्यसविरुद्धका सबै नियन्त्रणात्मक उपाय हटाएपछि मात्र प्रवेश परीक्षाको तयारीका अनलाइन कक्षा सञ्चालन भएका थिए।

"म विगत चार वर्षदेखि प्रवेश परीक्षाको तयारीमा जुटेकी छु, आइतबार बाहेक हरेक दिन बिहान ४ बजे उठी पढेकी छु, मैले गर्न सक्ने सबै काम गरेको छु, तर म अझै अलि नर्भस नै छु" शेन्जेनमा उच्च विद्यालयका १७ वर्षीय जेसी रावले परीक्षा उत्तीर्ण गर्ने आफ्नो एकमात्र लक्ष्य रहेको उल्लेख गर्दै एएफपीलाई भनिन्।

बेइजिङमा आफ्नो सन्तानको शैक्षिक भविष्यलाई लिएर चिन्तित आमाबाबुहरू परीक्षा केन्द्र वरिपरि भेला भएका थिए। भगवान्को प्रार्थना गर्न तत्पर भएझैं उनीहरूका छोराछोरीले घुँडा टेकेका थिए परीक्षाकक्षमा प्रवे गर्नुअघि अनि आफ्नो भाग्य खुल्ने विश्वासमा टाउकोमा रातो वस्त्र चिह्न लगाएका थिए।

एक विद्यार्थीकी चालीस वर्षकी आमा झाङ जिङले आफूलाई चिनियाँ लोककथाको पात्र बाई सुजेनसँग तुलना गरिन्। उनले आफ्नो छोराले यो परीक्षा पास नगरेसम्म उसकै अघिपछि आफू बस्नुपर्ने बाध्यता रहेको सुनाइन्। "मेरो छोरो एकदम मनमौजी छ, ऊ भन्दा म आज धेरै नर्भस छु," छोरोको परीक्षाबाट पिरोलिएकी उनले भनिन्।

उनले आफ्नो छोरालाई प्राथमिक विद्यालयदेखि हाईस्कूलको पहिलो वर्षसम्मको अध्ययन आफ्नै रेखदेख र निर्देशनमा भएको बताउँदै आजको परीक्षापछि पूर्ण रूपमा आराम गर्ने योजनाबारे जानकारी दिइन्।

# नेता गान्धीले भारतको छवि बिगार्न खोजेको अरोप

हैदराबाद, २४ जेठ (रासस/एएनआई)।

भारतीय जनता पार्टी (भाजपा)का एक जना नेताले काङ्ग्रेस नेता राहुल गान्धीले विदेशी भूमिमा भारतको छवि धमिलो पार्न खोजेको आरोप लगाएका छन्।

अमेरिकाको सान फ्रान्सिस्कोमा आयोजित एक सभामा काङ्ग्रेस नेता गान्धीले राजदण्डका बारेमा गरेको टिप्पणीबाट भारतको प्रतिष्ठामा आँच आएको तेलाङ्गाना राज्यका भाजपाका प्रवक्ता एनभी सुभाषले बताएका छन्।

नयाँ संसद् भवनमा स्थापित पवित्र राजदण्डप्रति प्रधानमन्त्री मोदीले दर्शाएको सम्मानबारे कटाक्ष गर्दै संसद्मा उहाँको मूल्यवृद्धि, बेरोजगारी, शिक्षा प्रणालीलगायत जनचासोका विषयलाई बेवास्ता गरेको टिप्पणी गर्नुभएको थियो। भाजपा प्रवक्ताले भारतीय परम्परा र संस्कृतिलाई विकृत तुल्याउन गान्धी र उहाँको पार्टी लागेको आरोप लगाउनुभयो। देशको संस्कृतिलाई गान्धी र उहाँको दलले अस्वीकार गरेको उहाँले बताउनुभयो।

विदेशमा भारतको छविलाई बदनाम गराउने नेता गान्धीको पुरानो बानी भएकाले त्यसबाट खासै फरक नपर्ने तथा भारतीयले पनि उहाँलाई विश्वास गर्दैनन् भन्दै भाजपाका प्रवक्ताले प्रधानमन्त्री नरेन्द्र मोदी जन्मजात हिन्दू भएको, उहाँमा भारतीय संस्कृति र परम्पराको गहिरो ज्ञान भएकाले राजदण्डप्रति सम्मान प्रदर्शन गर्नुभएको बताए।

नवनिर्मित संसद् भवन उद्घाटनका बेला त्यहाँ स्थापित धार्मिक मान्यताका निधि तथा राजदण्डलाई प्रधानमन्त्री मोदीले साष्टाङ्ग दण्डवत गर्नुभएको थियो।

# कालोसूचीमा राख्न सिफारिस १७ कम्पनीलाई सोधियो स्पष्टीकरण

काठमाडौँ, २४ जेठ (रासस)।

सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचलले कार्यसम्पादन चित्तबुझ्दो नभएका १६ ठेकेदार र एक आपूर्तिकर्ता कम्पनीलाई सातदिने स्पष्टीकरण सोधेको छ।

कार्यालयले आज एक सूचना प्रकाशित गरी राजन गौतम नेतृत्वको नयाँ निर्माण सेवा भरतपुर-११ चितवन, राजाबहादुर झा नेतृत्वको नवनिर्माण बिल्डर्स प्रालि जनकपुर, सशक्त शरण गोले अभिषेक नेतृत्वको आर्भन कन्स्ट्रक्सन प्रालि भरतपुर-१ चितवन, राजु पोखरेल नेतृत्वको ब्लुबर्ड डिजाइन एन्ड कन्स्ट्रक्सन भक्तपुरसँग सातदिने स्पष्टीकरण माग गरिएको छ।

यसैगरी, मिलन पन्त नेतृत्वको इपिक कम्प्युटर्स ट्रेडर्स काठमाडौँ, बबिन्द्रविक्रम बुढाथोकी नेतृत्वको बुढाथोकी निर्माण सेवा पाँचथर, शेरबहादुर लिम्बू नेतृत्वको माबोहाङ निर्माण सेवा ताप्लेजुङ, शोभा त्यौपाने नेतृत्वको समृद्ध निर्माण सेवा चितवन, डिल्लीराम तिवारी नेतृत्वको जय भगवती निर्माण सेवा चितवन, सुरजकुमार शाही नेतृत्वको शुभम् कन्स्ट्रक्सन चितवनसँग पनि स्पष्टीकरण माग गरिएको छ।

साथै लक्ष्मण पाण्डेय नेतृत्वको त्रिवेणी निर्माण सेवा कास्की, सुदीप श्रेष्ठ नेतृत्वको एस कन्स्ट्रक्सन चौतारा, कुलबहादुर श्रेष्ठ नेतृत्वको बी के बी कन्स्ट्रक्सन एन्ड सप्लायर्स सिन्धुली, दीपेन्द्रबहादुर शाही नेतृत्वको सिद्धिसाई प्रकाश कन्स्ट्रक्सन प्रालि नयाँबानेश्वर, विनित जोशी नेतृत्वको जोशी बिज हाउस प्रालि नयाँबानेश्वर तथा ध्रुवप्रसाद त्यौपाने नेतृत्वको चेतना कन्स्ट्रक्सन प्रालि र युकेएन कन्स्ट्रक्सन प्रालि ललितपुरसँग पनि स्पष्टीकरण माग गरिएको सूचनामा उल्लेख छ।

कार्यालयले कालोसूचीमा राख्न सिफारिस गरेका कम्पनी तथा आपूर्तिकर्तालाई यसअघि ३० दिनको म्याद दिएर स्पष्टीकरण माग गरिएको सार्वजनिक खरिद अनुगमन कार्यालयले जनाएको छ। सो अवधिभित्र स्पष्टीकरण नबुझाएपछि पुनः सात दिनको म्याद दिएर स्पष्टीकरण मागिएको हो।

## *आगलागिमा ...*

घरमा अचानक आगलगि हुदाँ घरमा रहेको चामल, गहु, एक थान साईकल र घरमा रहेको लत्ता कपडा, काठ जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आगोलाई स्थानियबासि, कंचनरुप नगरपालिकाको दमकल र ईलाका प्रहरी कार्यलय कंचनपुरको सहयोगमा नियन्त्रणमा लिइएको प्रहरीको भनाई छ।

यस्तै मंगलबार जिल्लाको राजगढ गाउँपालिका ६ फकिरा टोलस्थित अन्सारुल खाँको परालको टालमा आगलागि भएको छ।

प्रहरी र स्थानियबासिको सहयोगमा आगोलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाउँदै आगलागिमा कुनै मानविय तथा चौपाया क्षती नभएको जनाएको छ।

# ठगीको आरोपमा मेडिसिटी अस्पतालका तीन जना पूर्वकर्मचारी पक्राउ

काठमाडौँ, २४ जेठ (रासस)।

नेपाल मेडिसिटी अस्पताल नख्खु ललितपुरको 'बिलिङ सेक्सन'मा काम गरेका तीन पूर्वकर्मचारीले अस्पतालबाट करोडौँ रकम ठगी गरेको पक्राउ परेका छन्।

जिल्ला प्रहरी परिसर ललितपुरका अनुसार बिरामीबाट लिएको शुल्कबाट अस्पतालमा दाखिला गर्नुपर्ने भन्दा कम रकम देखाएर ठगी गरेको पाइएको ललितपुरका प्रहरी उपरीक्षक नवराज कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार उनीहरूले बिरामीबाट लाग्ने शुल्क लिएर सफ्टवेयरको दुरुपयोग गरी कम शुल्क प्रविष्ट गरी ठगी गरेका हुन्। यसरी ठगी गरेको आरोप पक्राउ पर्नेमा दोलखाको भीमेश्वर नगरपालिका- ४ घर भई भक्तपुरको ठिमी बस्ने वर्ष ३४ का राघव सापकोटा, ललितपुरको गोदावरी नगरपालिका- ११ चापागाउँ बस्ने वर्ष २९ का सनम देशार र काठमाडौँको बालुवाटार बस्ने ३४ वर्षे आशीष अर्याल छन्।

उनीहरूविरुद्ध आपराधिक लाभ तथा आपाराधिक विश्वासघातसम्बन्धी कसूरमा ललितपुर जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको कार्कीले जानकारी दिनुभयो। उनीहरूलाई बुधबारै सार्वजनिक पनि गरिएको छ।

ती कर्मचारीले अस्पतालमा प्रयोग हुँदै आएको सफ्टवेयरको दुरुपयोग गरी बिरामीबाट शय्या शुल्क, डाक्टर शुल्क र नर्सिङ शुल्कसमेतको वास्तविक शुल्क लिई निजहरूबाट लिएको शुल्कभन्दा कम शुल्क देखाए रु दुई करोड ६३ लाख ५५ हजार ठगी गरेको आरोप लागेको ललितपुर प्रहरीको भनाइ छ।

# मधेस प्रदेशको नीति तथा कार्यक्रम सार्वजनिक

धनुषा, २४ जेठ (रासस)।

मधेस प्रदेश सरकारले अगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। मधेस प्रदेशका प्रदेश प्रमुख हरिशङ्कर मिश्रले मधेस प्रदेश सरकारको आव २०८०/८१ को नीति तथा कार्यक्रम प्रदेशसभाको बैठकमा मंगलबार पेश गर्नुभयो।

प्रदेश सरकारको अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कृषि, शिक्षा, उद्योग, पर्यटनका साथै भौतिक पूर्वाधारको विकासमा जोड दिइएको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रममा कृषि क्षेत्रको समग्र विकासका लागि सिँचाइ, यान्त्रिकीकरण, उन्नत प्रविधिका साथै उत्पादित कृषिको प्रशोधन तथा बजारीकरणमा जोड दिइएको छ। यसका साथै किसानहरूलाई निःशुल्क कृषि विद्युत् मिटर जडान गर्दै भूमिगत सिँचाइमा जोड दिने नीति तथा कार्यक्रममा उल्लेख छ।

कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्रदेश र स्थानीय तहको सहकार्यमा बाँझो एवं उपयोगविहीन खेतीयोग्य जमिनको प्रयोग (कृषक समूह तथा कृषक सहकारीलाई लिजमा जमिन उपलब्ध गराउने व्यवस्था), 'एक टोल एक सामूहिक कृषि उत्पादन', 'एक वडा एक विशेष उत्पादन' र 'एक पालिका एक उत्पादन क्षेत्र' लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

प्रदेश वन तथा वातावरण मन्त्रालयद्वारा माथिल्लो तथा तटीय अन्तरसम्बन्धका आधारमा चुरेको प्रभावकारी संरक्षण गर्न एकीकृत प्रणाली अनुरुप चुरे संरक्षण तथा व्यवस्थापन कार्यान्वयनका लागि 'चुरे संरक्षण तथा व्यवस्थापन ऐन' बनाउन आवश्यक पहल गरिनेछ। प्रदेशभित्र रहेका नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टी, क्रसर उद्योगलाई व्यवस्थित गर्न आवश्यक ऐन, कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। यसका साथै मधेश प्रदेशका विभिन्न पर्यटकीयस्थलको विकास तथा सौन्दर्य अभिवृद्धिमा विशेष जोड दिँदै बाराको गढीमाईको विकासका लागि विशेष कार्यक्रम ल्याउने प्रदेश प्रमुखले पेश गर्नुभएको प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ।

धनुषाधाम संरक्षित वनलाई प्रदेशकै लागि गौरव हुने जैविक पार्क तथा वन्यजन्तु उद्धार केन्द्रकारूपमा विकास गरिनेछ। मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनका साथै ६० वर्षमाथिका नागरिकका लागि आँखा, दाँत र कानको निःशुल्क स्वास्थ्य परीक्षण गरिने व्यवस्था मिलाउने कार्यक्रममा बताइएको छ।

प्रदेशका युवा शक्तिलाई मूल प्रवाह तथा सकारात्मक बाटोतर्फ उन्मुख हुन अझ प्रेरित गर्न प्रदेशका आठ वटै जिल्लामा युवा परामर्श केन्द्रको स्थापना गरिनेछ।

मधेस प्रदेशभित्रका गुइँठा, गोर्हा प्रयोग गर्ने गरिब, दलित तथा अति सीमान्तकृत परिवारका लागि 'धुवाँमुक्त भान्सा अभियान' अन्तर्गत प्रदेश सरकारको समन्वय र सहयोगमा स्थानीय तहमार्फत सुधारिएको चुल्हो वितरण गरिनेछ भने विद्युतीय पूर्वाधार भएका स्थानमा अति विपिन्न परिवारका लागि 'एक परिवार, एक विद्युतीय चुल्हो' कार्यक्रम सञ्चालन गरिनेछ।

बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रमलाई निरन्तरता दिँदै कक्षा ८ का छात्रालाई साइकल वितरणका लागि विद्यालयलाई नै अनुदान दिने र कक्षा १२ का छोरीलाई कम्प्युटर शिक्षामा आकर्षण गर्न ल्यापटप वितरण गरिने नीति तथा कार्यक्रममा जोड दिइएको छ।

'मधेस प्रदेशको पर्यटन पूर्वाधार, आन्तरिक पर्यटनको आधार' भन्ने नारालाई सार्थक तुल्याउन प्राथमिकताका साथ धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्वका पूर्वाधारको जिर्णोद्धार, विकास र प्रवर्द्धन गर्न दीर्घकालीन प्रभाव र परिणाम दिने ठूला लगानीका 'एक जिल्ला एक नवीनतम पर्यटकीय गन्तव्य' को कार्य नीति लिई प्रदेश गुरुयोजना तुर्जमा गरी वार्षिक तथा बहुवर्षीय कार्यक्रमलाई निरन्तरता दिइनेछ।

सौर्य ऊर्जाको पर्याप्त सम्भावना भएकाले सौर्य ऊर्जामा विशेष जोड दिइने भएको छ। यसका साथै प्रदेशका सबै सडकको किनार खाली जग्गा वृक्षरोपण अभियानमा तीव्रता दिइने मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ। यसका लागि प्रदेशमा नर्सरी विकासमा जोड दिई बिरुवा उत्पादन गरिने भएको छ।

यसका साथै प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेशमा उत्कृष्ट कामकाज गर्ने पत्रकारलाई बर्सेनि पुरस्कृत गर्नुका साथै एफएम रेडियोको संरक्षणका लागि पनि कार्यक्रम ल्याइने भएको छ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

मानसिक रोगीके घृणा नहि, सिनेह दियौ
सामान्यतया मानव मस्तिष्कके करएवाला काजसभ बोली, चेतना, भावना, विचार, स्मृति, स्मरणशक्ति ईत्यादि काजमे गड़बड़ी भेनाइये मानसिक समस्या छियै। उदासीपना, बिसरएवाला बाइन, मन उकुसमुकुस भेनाइ, ढुकढुक होइत रहनाइ, आत्मबल घटैत जेनाइ, विभिन्न शङ्का बढैत जेनाइ, चिड़चिड़ाहट भेनाइ जँका लक्षणसभ लगातार दूहप्तासँ बेसी समयधरि देखलापरि मानसिक रोग लागल बुझबाक चाही।
एहिसँ बचबाक लेल नियमित व्यायाम करी, एक्केटा बात मनमे नहि दोहराबी, साथीभाइ आ परिवारसङ्गे खुशी आदान प्रदान करबाक चाही, गीत सङ्गीत एवम् मनोरञ्जनात्मक गतिविधिमे सक्रिय होएबाक चाही।सात्विक खानपान तथा सकारात्मक काज सभमे समय देबाक चाही। एकर अतिरिक्त चिकित्सक एवम् मनोचिकित्सकके परामर्श लेबाक चाही। मानसिक समस्या भेल व्यक्तिसँ घृणा नहि करु ओकरा सिनेह दियौ।
मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np